जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

म.नि.द.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३ अंक २१ २०८१ साल पुस २१ गते आइतवार (5 Jan. 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – पृष्ठ २ मा : छिन्नमस्ता बालविवाह मुक्त ... पृष्ठ ३ मा : अनलाइन हिंसाबाट संकटमा ... पृष्ठ ४ मा : डिप्रेसनमा पुऱ्याउने ... पृष्ठ ५ मा : संविधान कार्यान्वयनप्रति दलहरु ...

# सहकारीमा राजनीति बन्द गरौं : प्रदेशसभा सदस्य यादव




**दैनिक समाचारदाता**
**राजविराज, २० पुस ।**

मधेश प्रदेशसभा सदस्य महेश प्रसाद यादवले सहकारीमा भइरहेको राजनीतिले सम्पूर्ण सहकारी क्षेत्रलाई निरुत्साहित गर्ने काम भइरहेको आरोप लगाएका छन् ।

राजविराजस्थित जनमुखी बहुउद्देश्यीय सहकारी संस्थाको शनिबार सम्पन्न २३ औं बार्षिक साधारण सभालाई सम्बोधन गर्दै उनले यस्तो आरोप लगाएका हुन् ।

पूर्व मन्त्रीसमेत रहेका प्रदेशसभा सदस्य यादवले राज्य गरिब जनताहरुको आवश्यकता पुरा गर्न नसकेको बेला सहकारीले उनीहरुको आवश्यकता पुरा गर्न अहम भूमिका निर्वाह गरेको भन्दै त्यही सहकारी बिरुद्ध हाल राजनीतिकरण हुँदै निकै टिकाटिप्पणी भइरहेकोले यस्ता गलत प्रचार बन्द गर्नु पर्ने बताए ।

सही मनसायले काम गर्ने सहकारीलाई प्रोत्साहन तथा गलत नियतले सहकारीका सदस्यहरुलाई ठग्ने प्रवृतीका सहकारी तथा त्यसका संचालकहरु कानुनले नछोड्ने बताउँदै नेता यादवले हालै ल्याइएको सहकारी अध्यादेश सहकारीकर्मीहरुसँग सल्लाह गरेर सरकारले ल्याएको भए अझ प्रभावकारी हुने जिकिर समेत गरे ।

सोही सभामा विशिष्ट अतिथिको आसन्नबाट राष्ट्रिय सहकारी बैंकका संचालक तथा मधेश प्रदेशका संयोजक विश्वनाथ मण्डलले सहकारी संस्थाहरुलाई राज्यबाटै उपेक्षित गरिएको आरोप लगाए । उनले भने, "सहकारीहरुले गरेको सकारात्मक कामलाई ढाकछोप गर्ने अनि केही सहकारीबाट गरिएको नकारात्मक कामलाई मिडियामार्फत प्रचारबाजी गरेकै भरमा राज्यले पनि उसैलाई दोषि ठह्ऱ्याउने काम गरेको छ ।"

उनले सहकारी संस्थाहरुले समाज परिवर्तनका कामहरु गरेका छन् तर, ती कामहरुबारे जनता सामु ल्याउन संचारकर्मीहरुलाई आग्रह गर्दै सहकारीप्रति हुने सबै खाले भेद्भाव समेत अन्त्य तथा बदनियतपूर्ण तरिकारले सहकारीप्रतिको गलत प्रचारलाई निरुत्साहित गर्न सहकारीकर्मी एकजुट हुनुपर्नेमा जोड दिए ।

जिल्ला सहकारी संघ सप्तरीका अध्यक्ष बिनोद दत्तले अहिलेको समयका सहकारीहरु संकटमा रहेकाले सबै सहकारीकर्मी एकजुट भएर अगाडी बढ्नु पर्नेमा जोड दिए । उनले भने, "मुलुकभर ३४ हजार सहकारी संस्थाहरु छन्, त्यसमध्ये १ सय ४८ वटा सहकारीहरु समस्याग्रस्त छन्, हजारौंको संख्यामा रहेका सहकारी मध्ये एक दुई वटाले गरेको नकारात्मक कार्यले सबै सहकारीलाई दोषि भन्न मिल्छ ?" भन्ने प्रश्न गरे । शेयर सदस्यहरुले जम्मा गरेको रकम लिएर संचालकहरु भागेका छन् भन्ने उनीहरुलाई कारवाहीका लागि सहकारी संघ पछि नहट्ने प्रतिबद्धता समेत व्यक्त गरे । यदी ती संचालकलाई राज्यले कारवाही गर्न सकेन भने त्यसको असर अन्य सहकारीमा समेत पर्ने उनको भनाइ थियो ।

संस्थाका अध्यक्ष सचिन्द्र दासको अध्यक्षतामा सम्पन्न सभामा अध्यक्षीय प्रतिवेदन तथा लेखा प्रतिवेदन प्रस्तुत गरिएको थियो । प्रस्तुत प्रतिवेदनमा चालु आ.ब.मा संस्थाले बहुउद्देश्यीय व्यवसायीक कृषि फर्म संचालनतर्फ ९ वटा माछा पोखरी निर्माण गरि व्यवसायिक माछा पालन संचालनमा रहेको र आधुनिक तरीकाले व्यवसायिक कृषि उत्पादन गर्न थप योजना संचालन गर्ने प्रक्रिया जारि रहेको उल्लेख छ ।

संस्थाहरु शेयर सदस्यहरुको सहभागिता रहेको सभामा पत्रकार नवीनकुमार गुप्ता, संस्थाका देवनारायण चौधरी लगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# न्यायिक समितिलाई प्रभावकारी बनाउनुपर्छ : अध्यक्ष दत्त

**जनकपुरधाम**/मधेशी आयोगका अध्यक्ष विजयकुमार दत्तले संविधानप्रदत्त अधिकार उपयोग गर्दै देशभरका पालिकाले प्रभावकारी ढङ्गले काम गर्नुपर्ने बताएका छन् ।

मधेसी आयोग नेपालद्वारा शनिबार आयोजित प्रशिक्षक-प्रशिक्षण कार्यक्रममा उहाँले स्थानीय तहका विवाद पालिकाका न्यायिक समितिले समाधान गर्नुपर्ने बताएका हुन् ।

अध्यक्ष दत्तले सक्षम एवं अधिकारसम्पन्न बनाउनेतर्फ पालिका प्रमुख तथा उपप्रमुखले विशेष ध्यान दिनुपर्नेमा जोड समेत दिए ।

आयोगका सदस्य जीवछ साहले मधेसी आयोगको काम कर्तव्य अधिकारबारे जानकारी दिँदै बजेट अभावले आयोगलाई काम गर्न समस्या भएको गुनासो गरे ।

धनुषा जिल्ला अदालतका जिल्ला न्यायाधीश चुरामन खड्काले पालिकाबाट स्थानीयस्तरका झगडा मिलाउँदा अदालतमा मुद्दाको चाप घट्नका साथै न्यायप्राप्तिमा विलम्ब नहुने बताए ।

जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले स्थानीयस्तरका विवाद स्थानीय तहबाटै समाधान गर्नुपर्ने बताए ।

धनुषा जिल्ला प्रहरी कार्यालयका प्रमुख भुवनेश्वर तिवारीले न्यायिक समितिहरुबाट अपेक्षित रूपमा कार्यसम्पादन नहुँदा प्रहरीमाथि थप बोझ परेको गुनासो गरे ।

प्रशिक्षणमा धनुषाका १८ पालिकाका उपप्रमुख तथा प्रशासकीय अधिकृत र जिल्लाका प्रहरी कार्यालय धनुषाअन्तर्गतका सहायक तथा अधिकृतस्तरका कर्मचारी गरी ५० जना सहभागीता रहेको थियो ।

# लोकतान्त्रिक व्यवस्था बलियो बनाउन बलियो कांग्रेस जरूरी छ : उपप्रम सिंह

**राजविराज**/उपप्रधानमन्त्री तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था बलियो बनाउन नेपाली कांग्रेसलाई बलियो बनाउनुपर्ने बताएका छन् ।

शुक्रबार नेपाली कांग्रेस जिल्ला कार्यसमिति सप्तरीले आयोजना गरेको कार्यकर्ता भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै उपप्रधानमन्त्री सिंहले यस्तो बताएका हुन् ।

उनले ठूलो संघर्ष र बलिदानबाट अहिलेको लोकतान्त्रिक व्यवस्था प्राप्त भएको भन्दै यसलाई बलियो बनाउन कांग्रेस बलियो



हुनुपर्नेमा जोड समेत दिए । कांग्रेस पूर्वमहामन्त्रीसमेत रहेका सिंहले पार्टी संगठन महत्वपूर्ण हुने भन्दै कांग्रेसको संगठन सुदृढीकरणमा लाग्न नेता कार्यकर्तालाई आग्रह पनि गरे ।

उनले कांग्रेसकै नेतृत्वमा भएको आन्दोलनले रैतीका रूपमा रहेका जनतालाई नागरिक बनाएको स्मरण गर्दै संविधानसभाबाट कांग्रेस नेतृत्वमै संविधान बनेको स्मरण गराए ।

मन्त्री सिंहले आवश्यक्ताको सिद्धान्तअनुसार कांग्रेस-एमालेको सरकार बनेको बताउँदै उनले भने, "अहिले संसदको दुई ठुला दल मिलेर सरकार बन्दा कहिँ नभएको भयो भनेको सुन्छु । आवश्यक्ताको सिद्धान्तअनुसार दुई ठुला दल मिलेर सरकार बनेको हो ।"

उनले भने, 'साना पार्टीले सरकार बनाउँदा अस्थिरता भयो । केही महिनामै सरकार परिवर्तन हुँदा जनतामा निराशा थियो । बलियो सरकार बनोस् भन्ने जनचाहना अनुसार नै वर्तमान सरकार बनेको हो ।"

अहिले आवश्यकताको सिद्दान्त अनुसार विगतमा बहालवाला प्रधानन्यायाधीशलाई मन्त्रीपरिषद्को अध्यक्ष बनाएको चर्चा गर्दै जनचाहना अनुसार दुई ठुला पार्टी मिल्नु असामान्य नभएको जिकिर गरे ।

राजनीति स्थायित्व विना आर्थिक समृद्धि नहुने भन्दै उपप्रधानमन्त्री सिंहले अहिलेको सरकारले राजनीतिक स्थीरताको जगमा आर्थिक समृद्धिका लागि काम गरिरहेको बताए ।

**जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं**

हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ,
- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परिक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ति (फग लाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तिव्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,

सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### व्यवस्था परिवतर्न भएपनि कर्मचारी परिवर्तन भएनन्

मुलुकमा धेरै राजनीतिक परिवर्तन भए तर कर्मचारीतन्त्र भने परिवर्तन भएनन् । सबै राजनीतिक परिवर्तनमा कर्मचारीतन्त्र नै हावी हुँदै आएको देखिन्छ । कर्मचारीतन्त्र पञ्चायती सिस्टममा पनि थियो । अहिले संघीय लोकतान्त्रिक गणतन्त्रमा पनि यही छ । राजाले शासन हातमा लिंदा पनि यही कर्मचारी तन्त्र रह्यो र अहिले संघीय शासन प्रणाली स्थापित हुँदा पनि यही तन्त्र छ । कर्मचारीतन्त्रले सबैखाले परिवर्तनलाई नजिकबाट नियाल्दै आइरहेका छन् । तर परिवर्तनले स्थापित गरेका राजनीतिक मूल्य र मान्यताहरूलाई जनताको घरदैलोमा पुऱ्याउने महत्वपूर्ण भूमिकामा रहेका कर्मचारीहरूले त्यो महत्वपूर्ण भूमिकालाई आत्मसात गर्न सकेका छैनन् । त्यसैले अब भने संघीय लोकतान्त्रिक गणतन्त्रले स्थापित गरेका मूल्य र मान्यताहरूलाई जनता समक्ष पुऱ्याउने कार्यमा कर्मचारीतन्त्र चुक्नु हुँदैन ।

जनताको अपेक्षा कर्मचारीतन्त्रप्रति खासै ठूलो छैन । जनताको व्यक्तिगत भन्दा पनि राष्ट्रिय खालका अपेक्षा रहेका छन् । कुनै पनि काम सहज र सुलभ किसिमले हुनुपऱ्यो । कुनै विकृति हुन भएन । जनताको काम फटाफट हुनुपऱ्यो । बिना झन्झट काम हुनुपऱ्यो, कर्मचारीको व्यवहार परिवर्तन हुनुपऱ्यो भन्ने जनताको चाहना छ । मालिकको व्यवहार हुनु भएन । जनताको करबाट तलब खाने कर्मचारीले शासक होइन, हामी त जनताको सेवक हौं भन्ने किसिमले सोच्नुपर्छ । हामी जनताको सेवक हौं भन्ने किसिमको अनुभूति कर्मचारीले गर्नुपर्छ र सोहीअनुसार जनताको काममा समर्पित भएर लाग्नुपर्छ ।

तसर्थ अबको कर्मचारीतन्त्र जनअपेक्षा अनुसार आमूल रूपान्तरण हुनैपर्छ । कर्मचारी रूपान्तरण भई जनपक्षीय हुन सकेमा मात्रै संघीय शासन प्रणालीले आत्मसात् गरेका मूल्य र मान्यताहरू जनता समक्ष पुग्न सक्छन् र संघीय शासन प्रणाली पनि सफल हुनसक्छ । त्यसैले कर्मचारीतन्त्रको पहिलो काम आमूल रूपान्तरण नै हो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# छिन्नमस्ता बालविवाह मुक्त पालिका घोषणा

**राजबिराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिकालाई बालविवाह मुक्त पालिका घोषणा गरिएको छ ।

छिन्नमस्ता गाउँपालिकास्थित छिन्नमस्ता भगबति मन्दिर अगाडी आयोजित एक समारोह बीच पालिकालाई बालविवाह मुक्त पालिका घोषणा गरिएको हो । यो घोषणा सँगै छिन्नमस्ता मधेश प्रदेशको तेश्रो बालविवाह मुक्त पालिका बनेको छ ।

यसअघि मधेश कै पहिलो र दोश्रो बालविवाह मुक्त पालिका घोषणा हुने पालिका पनि सप्तरीकै सुरुङ्गा र खडक नगरपालिका छन् ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले दिप प्रज्वलन तथा बालविवाह मुक्त लेखिएको ब्यानर पढेर घोषणा सभाको उद्घाटन गरे ।

उद्घाटन पश्चात् मुख्यमन्त्री सिंहले बालविवाहले निम्त्याउने स्वास्थ्य, पारिवारिक, समाजिक तथा आर्थिक समस्याका बारेमा चर्चा गर्दै यसलाई रोक्न सबैले आ-आफनो क्षेत्रबाट योगदान गर्नू पर्नेमा जोड दिए । पालिकालाई बालविवाह मुक्त बनाउन सफल भएकोमा छिन्नमस्तावासीलाई बधाई दिदै उनले यसलाई कायम राख्न सबै पक्षको उत्तिकै जिम्मेवारी रहेको उल्लेख गरे ।

उनले मधेश प्रदेशलाई नै बालविवाहमुक्त पालिका बनाउने योजना रहेको सुनाउदै बालविवाहले निम्त्याउने स्वास्थ्य, पारिवारीक, समाजिक तथा आर्थिक समस्याका बारेमा चलाइएको सचेतना अभियानलाई प्रभावकारी ढंगले अघि बढाइने जनाए ।

बालविवाह पालिका घोषणा गर्न विगत एक बर्षदेखी सेभ द सप्तरी, सेभ द चिल्ड्रनको सहयोग तथा गाउपालिकाले सबैको साथ लिई बालविवाह मुक्त अभियान संचालन निर्देशीका २०८० बमोजिम गरेको विभिन्न कार्यक्रम अभियान र प्रयास पश्चात १२ बुंदे स्पष्ट सूचक प्राप्त भएकाले त्यसैका आधारमा यस्तो घोषणा गरिएको गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीको भनाई छ ।

नेपालको कानुनले विवाह गर्ने उमेर २० वर्ष तोकेको छ । त्यसैकारण घोषणा सभाको मुख्य नारा "नै करु वियाह के बात, बियाह करु बीस के बाद" (केटा केटीको उमेर २० वर्ष नपुगे सम्म बिहेको कुरा नसोचौ नगरौ) तय गरिएको अध्यक्ष चौधरीले बताए ।

सेभ द सप्तरीका अध्यक्ष ध्रुव प्रसाद देवले सो पालिकामा वसोवास गर्दै आएका विभिन्न समुदायका प्रतिनिधी, अगुवा, पुरोहित, मौलाना, मायनजन लगायतले पालिकामा बालविवाह हुन नदिने प्रतिबद्धता समेत जनाएको बताए ।

उनले पालिकामा शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा थप २२ करोड लगानी गर्ने योजना बनाइएको समेत जानकारी दिए । अभिभावकले समेत सन्तानको उमेर नपुगी बालविवाह नगर्न/नगराउने कतै भए सहभागी नभई विरोध र अवरोध गर्ने प्रतिबद्धता जनाएपछि बालविवाह मुक्त पालिका घोषणा गर्न सहज भएको सेभ द सप्तरीका परियोजना संयोजक विष्णुकान्त देवले जनाए ।

# सशस्त्र प्रहरीद्वारा कम्बल बितरण

**राजबिराज**/सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वाटर सप्तरीले तिलाठी कोईलाडी गाउँपालिकाका गरिब असहाय, अशक्त तथा विपन्न समुदायका बृद्धबृद्धाहरुलाई कम्बल बितरण गरेको छ ।

सो गाउँपालिका वडा नं. १ स्थित बेल्ही टोलका गरिब असहाय, असक्त तथा विपन्न समुदायका एक सय परिबारलाई कम्बल वितरण गरेको हो ।

"सीमावासीसँग सशस्त्र प्रहरी" कार्यक्रम अन्तर्गत गाउँपालिकाको समन्वयमा विपन्न समुदायको पहिचान र सुची तयार गरी १ सय परिवारलाई चिसोबाट जोगिन कम्बल वितरण गरिएको सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वाटर सप्तरीका प्रमुख एवं प्रहरी उपरिक्षक ज्ञानमणी पौडेलले जानकारी दिए ।

उनले आफ्नो संगठनबाट समाजिक उत्तरदायीत्व समेत निर्वाह गर्दै चिसोबाट पीडित विपन्न वर्गलाई सानो सहयोग गरेको बताए । आफुहरुको साधन, श्रोत र क्षमताले भ्याएसम्म थप विपन्न वस्तीका परिवारलाई भविष्यमा समेत सहयोग गर्ने उनको भनाई छ ।

# दुर्घटनामा एकको मृत्यु


**राजबिराज**/सप्तरीको सुरुङ्गा नगरपालिका ३ स्थित कदमाहा-गाइघाट सडक खण्डमा पहिचान खुल्न नसकेको सवारीले दिएको ठक्करले एक व्यक्तिको ज्यान गएको छ ।

मृत्यु हुनेमा सुरुङ्गा नगरपालिका ३ निवासी ६० बर्षका रामबहादुर नेपाली रहेको प्रहरीले जनाएको छ ।

शुक्रबार बिहान ४ बजे मर्निङ वाकमा निस्केको बखत नेपालीलाई नम्बर नखुलेको सबारीले ठक्कर दिएको सप्तरीका प्रहरी प्रमुख एसपी ढकेन्द्र खतिवडाले जानकारी दिए ।

ठक्कर दिने सबारीको पहिचान खुल्न नसकेको र खोजी भइरहेको प्रहरीले जनाएको छ ।

हरहर महादेव जय श्रीराम ॐ नमः शिवाय



ॐ



यहि मिति २०८१ साल माघ १ गतेका दिन मकरसंक्रान्तिको अवसरमा साधुसंत महन्त भक्तजनहरूलाई राजविराज नगरपालिका वडा नम्बर ७ स्थित प्राचीन महादेव श्री हरी नन्देश्वर महादेव मन्दिर प्रांगणमा भण्डाराको आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लावासी, संतमहन्त साधुसंतलाई यस पावन अवसरमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरी दिनुहुन सादर आमन्त्रण गरिन्छ ।

**स्थान :**
श्री हरी नन्देश्वर महादेव मन्दिर प्रांगण
राजविराज नगरपालिका-७

**समय :**
२०८१/१०/०१ गते **मंगलबार** ११:०० देखि ०४:०० बजेसम्म

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**सप्तकोशी नगरपालिका, सप्तरी**

# अनलाइन हिंसाबाट संकटमा बालबालिका

**गोविन्द खड्का**

आजको डिजिटल युगमा, अनलाइन प्लेटफर्महरूले बालबालिकाका लागि अनगिन्ती अवसर र सम्भावनाहरू खोलिदिएका छन्। तर यसका साथै, यिनै प्लेटफर्महरूले बालबालिकाहरूलाई अनलाइन यौन दुर्व्यवहारजस्ता खतरनाक समस्यासँग पनि सामना गराइरहेका छन्।

अनलाइन यौन दुर्व्यवहारको सामना गरिरहेका बालिकाहरूको कथा कुनै एक परिवारको मात्र होइन, सामूहिक समस्या हो। यस लेखमा एक विशेष बालिकाको कथामार्फत यस्ता दुर्व्यवहारबाट जुध्न र पुनःस्थापना गर्नका लागि गरिने प्रयासहरू अनि यो यात्रा कति कठिन छ भन्ने कुरा दर्शाउन खोजिएको छ।

**बालिकाको अनुभव :**

राधिका (नाम परिवर्तन) एक १४ वर्षीया किशोरी हुन्। उनीसँग व्यक्तिगत मोबाइल छ। घरमा इन्टरनेट पनि छ। बुबाआमाले मोबाइल धेरै हेरेको मन पराउँदैनन्। तर, पढ्नका लागि मोबाइल आवश्यक हुन्छ भनेर उनी मोबाइल साथै राख्छिन्। पढ्दा पनि मोबाइल चलाइरहन्छिन्। कक्षा ९ मा पढ्ने राधिका मोबाइल चलाउँदा चलाउँदै एक अपरिचित पुरुषसित फेसबुकमा जोडिइन्। बिस्तारै हेलो–हाई कुरा हुन थाल्यो। सुतेपछि झन् कुरा बाक्लियो। राति अबेरसम्म मायाप्रेमका कुरासम्म हुन थाले। च्याटको कुराकानी भिडियो कलसम्म पुग्यो।

राधिकाले कुरा गर्ने युवा उनले बताएअनुसार २४ वर्षका थिए। कुरा हुन थालेको ६ महिनापछि ती युवाले राधिकालाई भिडियोमै टिसर्ट खोलेर छाती देखाउन भने। राधिकाले त्यसै गरिन्। ती युवाले नाङ्गो फोटो मागे, राधिकाले त्यो पनि पठाइन्। भेट भने भएको थिएन। राधिकालाई एकदिन ती युवाले बोलाएर यौन प्रस्ताव राखे। राधिका डराइन् र उनले यस विषयमा अरूसँग कुरा गर्न सकिनन्।

अझ गम्भीर कुरा त के भने, ती व्यक्तिले राधिकाको व्यक्तिगत जानकारी संकलन गर्दै, उनलाई धम्की दिन थाले कि 'यदि उनले आफ्नो प्रस्ताव नमानेमा ती जानकारी सार्वजनिक गरिनेछ।' राधिका मानसिक रूपमा अति नै तनावमा थिइन्। राधिकाको आत्मसम्मान र विश्वास गहिरोरूपमा ह्रास भएको थियो।

**परामर्श, न्याय र पुनःस्थापनामा कठिनाइ :**

राधिका र उनको परिवारले अनलाइन यौन दुर्व्यवहारको बारेमा थाहा पाएपछि, सबैभन्दा पहिले प्रहरीलाई जानकारी दिनु थियो। प्रहरीलाई जानकारी दिइयो। तर, यस प्रक्रियामा राधिकाका लागि धेरै कठिनाइहरू आए। अनलाइन प्लेटफर्महरूमा भएको अपराधको पहिचान गर्न र प्रमाण जुटाउन प्रहरीलाई कठिनाइ भयो। युवाले नक्कली आईडी बनाएर कुरा गरेका थिए। अनुसन्धानको प्रक्रिया ढिलो भयो।

मानसिक रुपमा विछिप्त हुँदै गएकी राधिकाले लामो हिंसामा परेको ६ महिनापछि मात्रै घरमा दिदीलाई कुरा खोलेकी थिइन्, दिदीमार्फत परिवारको जानकारीमा आएको थियो। बिस्तारै उनको कुरा समाजमा पुग्यो। त्यसले झन् राधिकालाई सहजभन्दा असहज भयो। यौन हिंसामा परेका व्यक्तिहरूलाई परामर्श, न्याय र पुनःस्थापना प्रक्रियामा विभिन्न कठिनाइहरूको सामना गर्नुपर्छ। राधिकाले पनि त्यसको सामना गरिन्। मानसिक र शारीरिक आघातका कारण उपचारमा कठिनाइ भयो। समाजमा कलंक र अपमानको सामना गर्दा सामाजिक समर्थनको अभावले परिवारलाई समस्या भयो।

राधिकाका लागि पुनःस्थापना प्रक्रिया आफैँमा एउटा कठिन यात्रा थियो। परिवार र साथीहरूको निरन्तर समर्थनले उनलाई सशक्त बनाउन मद्दत त गऱ्यो तर सजिलो भएन। बालअधिकार र अनलाइन सुरक्षाबारेको चेतनाको अभाव भएका राधिकाजस्तै समस्या हिंसामा पर्ने हरेक बालिकाले भोग्नुपर्छ। सहानुभूति र मनोवैज्ञानिक सशक्तीकरणबाट मात्र यस्ता बालिकालाई बलियो बनाउन सकिन्छ, जुन कुरा भइरहेको छैन।

यसका साथै, समुदायको भूमिका अत्यन्तै महत्त्वपूर्ण छ। राधिकाजस्तै अन्य बालिकाहरूलाई सशक्त बनाउनका लागि विद्यालय, समाज र सरकारहरूले बालअधिकार र अनलाइन सुरक्षासम्बन्धी शिक्षा प्रदान गर्नुपर्छ। यो प्रकारको हिंसाविरुद्ध अभियानहरू र कानुनी सहयोग प्रदान गर्नुपर्छ।

**कानुनी उपाय र न्यायको माग :**

संविधानको मौलिक हकअन्तर्गतको धारा ३९ ले कुनै पनि बालबालिकामाथि कुनै पनि माध्यमबाट शारीरिक या मानसिक यौनजन्य दुर्व्यवहार गर्न नपाइने उल्लेख छ। आफूमाथि भएको यौनशोषणबारे बालबालिकाले हिंसा हो भनेर बुझेका छैनन्, अभिभावकहरू चासो राख्दैनन्। त्यसकारण अनलाइन बाल यौन हिंसा बढिरहेको छ।

विद्युतीय कारोबार ऐन २०६३ अनुसार सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम तथा तस्वीर प्रयोग गरेर, प्रोफाइल खोलेर बेइज्जत गर्ने तथा दुःख दिने, इमेलमार्फत जथाभावी धम्की दिने तथा नगद माग गर्ने, विभिन्न किसिमका नग्न तस्वीरमा व्यक्तिको अनुहार जोडी इन्टरनेटमा राख्ने, अनलाइनबाट धम्कीपूर्ण सन्देश पठाउनेजस्ता क्रियाकलाप अपराध हुन्। ऐनअनुसार यस्ता अपराधलाई १ लाखसम्म जरिवाना र ५ वर्षसम्म कैद वा दुवै सजाय हुने प्रावधान छ।

ऐनमा पीडितले ३५ दिनभित्र नजिकको प्रहरी कार्यालयमा उजुरी गर्नुपर्ने प्रावधान छ। अधिकांश पीडित ढिलो उजुरी दिन आउने हुँदा दोषीलाई कारवाहीको दायरामा ल्याउन मुस्किल हुने प्रहरीको दाबी छ। यस्ता घटनालाई सार्वजनिक हुनै नदिने, भइहालेमा उजुरीपश्चात् पीडक/पीडितबीच आर्थिक लेनदेनमा मिल्ने प्रवृत्तिले गर्दा हिंसापीडित बालबालिकालाई न्याय दिलाउन समस्या भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

नेपालको कानुनी प्रणालीले अनलाइन यौन दुर्व्यवहारविरुद्ध कडा कानुनी उपायहरू अपनाएको छ। २०७५ सालमा पारित 'सूचना प्रविधि ऐन' ले अनलाइन अपराध र साइबर अपराधका लागि स्पष्ट कानुनी दायरासम्म प्रबन्ध गरेको छ। यस ऐनको धारा ४७ मा अनलाइन यौन दुर्व्यवहारलाई अपराधका रूपमा मान्यता दिएको छ र दोषीलाई कडा सजायको प्रावधान गरिएको छ। नेपालमा अनलाइन यौन दुर्व्यवहारका सिकार भएका बालबालिकाको पुनःस्थापनाका लागि कानुनी व्यवस्था केही प्रमुख धारामा आधारित छन्।

**सुरक्षासम्बन्धी कानुन र चुनौतीपूर्ण तथ्यांक :**

बालबालिका अधिकार ऐन, २०७५ ले बालबालिकाको शारीरिक र मानसिक सुरक्षा सुनिश्चित गर्ने अधिकार सुनिश्चित गरेको छ। अनलाइन यौन दुर्व्यवहारका सिकार भएका बालबालिकालाई उपचार, परामर्श र सुरक्षित वातावरणमा राख्नको लागि प्रावधान छन्।

यस ऐनमा अनलाइन अपराधका लागि दण्डको प्रावधान छ, जसमा यौन उत्पीडन वा बलात्कारसम्बन्धी सामग्रीको साझा गर्नु, बाल यौनशोषणका दृश्यहरू निर्माण वा वितरण गर्नुजस्ता क्रियाकलापलाई रोक्नको लागि कानुनी कडाइ गरिन्छ। बाल यौनशोषण र दुर्व्यवहार रोकथाम ऐन, २०६३ पनि छ। यस ऐनले बाल यौनशोषण र दुर्व्यवहारका घटनालाई कडारूपमा दण्डित गर्दछ। अनलाइन शोषणको घटनामा संलग्न व्यक्तिहरूलाई दण्ड दिने प्रावधान छ।

पुनःस्थापनाका उपायहरू ऐनमा व्यवस्था गरिएका छन्। पीडित बालिकाको मानसिक र शारीरिक उपचारका लागि सरकारी र गैरसरकारी संस्थाहरूले विभिन्न कार्यक्रम सञ्चालन गर्छन्। बालिका पुनःस्थापना केन्द्रहरू, परामर्श सेवाहरू र परिवारलाई सहयोग दिने प्रावधानहरू छन्। नेपालमा यस्ता कानुनी प्रावधानहरू भए तापनि कार्यान्वयनमा चुनौती छ। अनलाइन प्लेटफर्महरूमा हुने यौन दुर्व्यवहारका घटनाहरूको उचित ट्र्याकिङ र नियन्त्रण गर्न कानुनी प्रावधानहरूलाई अझ प्रभावकारी बनाउन जरुरी देखिन्छ।

प्रहरीको तथ्यांकअनुसार राधिकाजस्तै अनलाइन यौन दुर्व्यवहार खेप्ने बालबालिकाको अवस्था र तथ्यांक डरलाग्दो छ। आर्थिक वर्ष २०७६/७७ मा १३ वटा, २०७७/७८ मा २१, २०७८/७९ मा १६, २०७९/८० मा १५, २०८०/८१ मा ६ र चालू आर्थिक वर्षमा अहिलेसम्म ६ वटा मात्रै उजुरी दर्ता भएका छन्। यद्यपि, वास्तविक घटना अझ बढी हुनसक्छन्, किनकि धेरैजसो घटना रिपोर्ट हुँदैनन्।

संयुक्त राष्ट्रसंघका अनुसार संसारभरमा औसतमा हरेक आधा सेकेन्डमा एकजना बालबालिका पहिलोपटक अनलाइनमा आइरहेका छन्। अर्थात् बालबालिकाले इन्टरनेटमा बिताउने समय अभूतपूर्वरूपमा बढ्दो छ। सन् २०२३ मा संसारभरका १५ देखि २४ वर्षका युवाहरूमध्ये ७९ प्रतिशत अनलाइन रहेको अध्ययनमा पाइएको छ। अन्य उमेर समूहमा यो अनुपात ६५ प्रतिशत मात्र थियो।

अनलाइन यौन दुर्व्यवहार र हिंसाले बालबालिकाको मानसिक र भावनात्मक स्वास्थ्यमा नै गहिरो प्रभाव पारेको छ तर परामर्श, न्याय र सशक्तीकरणका माध्यमबाट यस्ता पीडित बालिकाहरूलाई पुनःस्थापना र पुनर्जीवनको यात्रा पार गर्न सजिलो छैन। अनलाइन हिंसाबाट बालबालिकालाई जोगाउनका लागि अभिभावक, स्कूल र समाजले मिलेर काम गर्नु आवश्यक छ। न्युजअफ नेपालबाट

## साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने,कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपि अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घटनाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोबाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयाँसम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# डिप्रेसनमा पुऱ्याउने लोकसेवा !

**विदुरप्रसाद दाहाल**

एकाएक अनलाइनहरू समाचार आउन थाले– 'भक्तपुरको बालकोटमा बाबुछोराको हत्या' । जेठा छोरा मिलन शङ्काको घेरामा ! नभन्दै मिलनले प्रहरीसमक्ष आत्मसमर्पण गरेर भने, 'बाबु र भाइको हत्या मैले नै गरेको हुँ ।'

घटनाको पिँधमा बेरोजगारीले उत्पन्न गरेको लघुताभास र चरम निराशा देखिन्छ, यसलाई सरकार र सबैले बुझ्न जरुरी छ ।

खोटाङका मिलन रोजगारीको खोजीमा भएका आम युवामध्येका एक हुन् । उनको सपना लोकसेवा पास गरेर सरकारी जागिर खाने थियो । लोकसेवा पढ्न र सरकारी जागिर खान उनका बाबा उनलाई बारम्बार सम्झाइरहन्थे । यसले उनलाई थप दबाब सिर्जना गर्थ्यो । प्रयास नगरेका पनि होइनन् उनले । सरकारी जागिर सीमित छ । वार्षिक झन्डै १५ हजारले लोकसेवामार्फत रोजगारी पाउँछन् । जब कि विश्वविद्यालयले वार्षिक एक लाखको हाराहारीमा स्नातक, स्नातकोत्तर, एमफिल तथा पीएचडीको उपाधिबाट विद्यार्थी दीक्षित गर्छन् । यसमध्ये ८५ हजार विद्यार्थीमा रोजगारी र अवसरको चिन्ता हुन्छ । मिलन तिनै दीक्षितमध्येका एक थिए । पटक-पटक (६-७ पटक) लोकसेवा असफल हुँदा निराशा थपियो । आफूलाई बोझ सम्झन थाले । गहिरो लघुताभासले डेरा जमायो ।

निसन्देह नेपालको लोकसेवाको विश्वसनीयतामा कुनै प्रश्न छैन, निर्विवाद छ । छनोटको तरिका व्यावहारिक र समयसापेक्ष भएन कि भन्ने मात्र गुनासो हो ।

'स्वसरसंन्या अयानिछुस धासूगोशोस्व शिभारोश्रस्वा खाआमबाद जेसासुउदेसं' (मौलिक हकका अघिल्ला अक्षर) नेपालको संविधानका मौलिक हकको यो फर्मुला घोकेर लोकसेवा पास गर्नेले कहाँ र कसरी प्रयोग गर्लान् यसलाई ? सुशासन र कार्य प्रभावकारितासँग यो कसरी जोडिएला ?

घोकन्ते प्रश्नले के काम सिकाउला ? फलानो समुद्र कति गहिरो छ ? पहाड कति अग्लो छ ? भन्नेजस्ता स्मरण गर्ने प्रश्नको जमाना सकियो अब । हात-हातको स्मार्ट फोनले गुगल र एआईको सहयोगमा सेकेन्ड भरमा त्यसको उत्तर दिन्छ । तिनलाई किन घोक्नुपऱ्यो ? यस्तै प्रश्नहरूले हुन सक्छ, मिलनलाई परीक्षामा असफल बनाएको । त्यही अफसफताले हो, उनलाई मानसिक रूपमा विक्षिप्त बनाएको ।

ध रु यस प्रतिनिधि घटनाले लोकसेवाको परीक्षा प्रणालीमा सुधार आवश्यक छ भन्ने देखाउँछ । वास्तवमा यो लोकसेवा होइन, यो घोकसेवा हो, जसले घोक्छ वा कण्ठ गर्छ, उही पास हुन्छ ।

भविष्यमा पास हुनेले कस्तो कार्य-सम्पादन गर्लान् भन्ने लोकसेवाले परीक्षण गर्दैन, उसको कार्य अभिरुचि परीक्षण गर्दैन । लोकसेवाले अब्बल भनेर छानेका कर्मचारीको आचरण भ्रष्ट छ भन्ने आमगुनासो छ ।

घोक्न र कण्ठ गर्न नसक्ने ए ग्रेडका अब्बलहरू विदेश पलायन भए । पलायन हुनुको मुख्य कारण रोजगारी नै हो । देशमा रोजगारी र अवसर पाउन कठिन छ । रोजगारी पाए पनि इमानदार ढङ्गले कमाउन सकिँदैन । सरुवा-बढुवामा राजनीति हाबी हुन्छ । कर्मचारी तन्त्रलाई राजनीतिले गिजोलेको छ । उद्यम गर्ने बातावरण छैन । यो गञ्जागोलमा रुमलिनुभन्दा देश छोड्नु जाती भन्दै धेरै युवा बाहिरिए । युवाहरूले देशमा भविष्य देखेनन् र बाहिरिने क्रम जारी छ । उनीहरूले पठाएको रेमिट्यान्समा राज्य रमाइरहेको छ ।

रेमिट्यान्स अल्पकालीन हुन्छ भन्ने शासकलाई याद हुनुपर्ने हो । युरोप, अमेरिका र अस्ट्रेलिया जाने युवाहरू उतै सेटल भए भने हालत के होला ? कमसेकम २० वर्षपछिको कुरा त सोच ।

वर्तमान लोकसेवा परीक्षा प्रणालीले अब्बल जनशक्तिलाई भित्र्याउन सक्दैन । सेकेन्ड डिभिजन अर्थात् बी ग्रेड वालाको बाहुल्य छ । यो कुनै आरोप होइन, प्रमाणित कुरा हो ।

यहाँ लोकसेवाको निष्पक्षतामाथि प्रश्न उठाउन खोजिएको हुँदै होइन । विद्यमान परीक्षा प्रणालीमा सामेल भएका मध्येबाट लोकसेवाले राम्रा छानेको छ । मुख्य कुरा परीक्षण प्रणालीमै कमजोरी छ भन्ने निष्कर्ष हो । ए ग्रेडका युवा पलायनलाई लोकसेवाको परीक्षा प्रणालीले सघाइरहेको छ । यसमा कुनै दुविधा छैन, अनुसन्धान गरे हुन्छ ।

मिलनको एक मात्र लक्ष्य थियो, सरकारी जागिर । सरकारी जागिरलाई समाजमा प्रतिष्ठाका साथ हेरिन्छ । त्यो प्राप्तिमा उनी असफल भए र जीवनप्रति नै हरेस खाए । लोकसेवाबाट सिफारिस भएर पाउने जस्तै जागिर अन्य क्षेत्रले दिन सक्थ्यो भने कुरा अर्कै हुन्थ्यो । धेरै मिलनहरूमा खुसीका मुस्कान छरिन्थे । अवस्था त्यस्तो छैन, रोजगारको अवस्था देशमा झन्झन् नाजुक हुँदै छन् ।

अरु क्षेत्रले दिने तलब-सुविधा न्यून छ । त्यो पनि दिगो र भरपर्दो छैन । आकर्षक जागिरका लागि लोकसेवा नै विकल्प बन्यो । तर अहिलेकै अवस्थामा लोकसेवा पास सजिलो छैन । फलामको चिउरा चपाएसरह छ ।

रोजगार सिर्जना गर्ने निजी क्षेत्र थला परेको छ । धेरैजसो निजी क्षेत्रले १५-१७ हजार तलब दिन्छन् । त्यो पनि सजिलै पाइँदैन, पाउन मुस्किल छ । न्यून तलबले जीबिको पार्जन कसरी होला ? गुणस्तरीय जीवनपरको कुरा भयो । आधारभूत आवश्यकता पूरा हुने सम्भावना छैन । बेरोजगार र अर्ध-बेरोजगारको चुलो कसरी बल्दो हो ?

राज्यको प्रमुख उद्देश्य रोजगारी सिर्जना हुनुपर्छ अब । शासकहरूले कहिले बुझ्लान् र सोच्लान यो कुरा ? संविधानको धारा ३३ मा रोजगारीको हक उल्लेख गरेर पुग्दैन । मिलनजस्ता शिक्षित युवाले सजिलै रोजगारी पाउनुपर्छ । बल्ल रोजगारको मौलिक हकले सार्थकता पाउँछ । कागजमा लेखेर अर्थ हुँदैन, त्यो व्यवहारमा आउनुपर्छ ।

देश युवाबिहीन हुनुका धेरै कारण होलान् तर प्रमुख कारण रोजगारी र अवसर अभाव नै हो । रोजगारी नपाउँदा ज्यान त्याग्न खोज्नेहरूलाई सरकारले कहिले सम्बोधन गर्ला ? लेखको मूल प्रश्न यही हो ।

जागिरका लागि कार्य क्षमता, कार्य दक्षता र व्यावहारिक सीप हेर सरकार ! घोक्न र रट्न नसक्नेहरू डिप्रेसनमा पुगे, रोजगारीको खोजीमा रहेका तमाम युवालाई रोजगारीको हक चाहिन्छ । संविधानमा लेखेको अधिकार दे सरकार ! देशमै गरिखान चाहन्छन् तिनीहरू ! (लेखक दाहाल ग्रामीण विकासमा स्नातकोत्तर हुन् । त्रिभुवन विश्वविद्यालयमा कार्यरत छन् ।) रातोपाटीबाट


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्बजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय**
**रुपनी, सप्तरी**



लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश



## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणियस्थलहरु छन् । धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढ टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं । **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं ।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**

# संविधान कार्यान्वयनप्रति दलहरु नै उदासिन

**राजविराज**/मधेश प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले संविधान लागु गर्ने राजनीतिक दलहरु नै यसको कार्यान्वयनप्रति उदासिन रहेको आरोप लगाएका छन् ।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशले सोमवार राजविराजमा आयोजना गरेको साइवर सुरक्षा र एआई सम्बन्धि एक दिने अभिमुखीकरण कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै उनले यस्तो आरोप लगाएका हुन् ।

राजनीति अस्थिरताले जनअसन्तुष्टि बढाउँदा स्थानीय प्रदेश र केन्द्र सहित तिनै वटै सरकारको संरचनामाथि प्रश्न उठन सक्ने तर्फ सचेत हुन आवश्यक रहेको बताएउँदै उनले त्यस्तो भए मुलुकको सिंगो संविधानमाथि नै प्रश्न उठन सक्ने कुरामा होस् राख्नु आवश्यक छ ।

मन्त्री लेखीले मुलुकमा बढ्दै गएको राजनीतिक अस्थिरताले जनमानसमा असन्तुष्टि र नैराश्यता बढाएको बताउँदै यसप्रति समयमै ध्यान दिन आवश्यक रहेको टिप्पणी गरे ।

संघीयता, स्वायत्तता र समावेशीता वर्तमान संविधान भित्रकै संरचना रहेको कुरा बिर्सन नहुने भन्दै पत्रकार जगतले समेत यस परिवर्तनमा ठुलो योगदान पुऱ्याएको भन्दै प्रशंसा समेत गरे ।

नेपाल पत्रकार महासंघ सप्तरीको समन्वयमा आयोजित अभिमुखीकरण उद्घाटन सत्रमा प्रदेशसभा सदस्य तथा पूर्व मन्त्री महेश प्रसाद यादवले सत्यतथ्यमा आधारित भएर पत्रकार जगतबाट स्वच्छ टिप्पणी आउन आवश्यक रहेको बताए ।

कार्यक्रममा प्रदेशसभा सदस्य किरण कुमारी साहले जिल्लामा बढ्दो महिला हिंसाप्रति पत्रकार जगतका साथै प्रहरी प्रशासनले समेत ध्यान पुऱ्याउन आवश्यक रहेको बताईन ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भोला दाहाल, प्राधिकरणका अध्यक्षका श्यामसुन्दर यादव, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव, महासंघका पुर्व केन्द्रीय सदस्य अवधेश कुमार झा लगायतले पनि मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा पत्रकार जीवन भण्डारी प्रकाश मैनालीले सहजीकरण गरेका थिए ।

# नवनिर्वाचित पदाधिकारीहरुले गरे पदभार ग्रहण

**राजविराज**/नेपाल पत्रकार महासंघ सप्तरीको नवनिर्वाचित पदाधीकारीहरुले पदभार ग्रहण गरेका छन् ।

गत मंसिर २८ गते सम्पन्न निर्वाचनबाट श्रवण देवको अध्यक्षतामा १६ सदस्यीय नयाँ कार्य समिती निर्वाचित भएको थियो ।

निर्वाचन समितिका संयोजक प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाले नवनिर्वाचितहरुलाई प्रमाणपत्र प्रदान गरेका थिए ।

सो अवसरमा कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रदेश पत्रकारहरुको पेशागत सुरक्षाका लागी एक लाख रुपैयाको स्वास्थ्य विमा तथा ७ लाख रुपैयाको दुर्घटना विमासहित उच्च शिक्षाका लागी छात्रबृतिको व्यवस्था गरिएको जानकारी दिएका छन् ।

उनले पत्रकारहरुको गुणस्तरमा बृद्धि तथा संस्थागत विकासका लागी समेत प्रदेश सरकारले साधन श्रोतले भ्याए सम्म थप सहयोग गरेर देखाउने प्रतिबद्धता समेत जनाए ।

उनले प्रदेश सरकार प्रदेशवासीको भावना अनुसार काम गरीरहेको दाबीका साथ भए/गरेका सकारात्मक कुरालाई संचारक्षेत्रले उचित स्थान दिनु पर्नेमा जोड समेत दिए । बिरोधका लागी मात्र बिरोध नगरौ, सकारात्मक ढंगले पनि कलम चलाउनु पर्छ, उनले थपे । उनले अन्य क्षेत्र जस्तै पत्रकारीता क्षेत्र पनि सरकारको उच्च प्राथमिक्तामा परेको बताए ।

सोही कार्यक्रममा प्रदेश सांसद एंव पत्रकार महासंघ सप्तरीका पूर्वसहसचिव माला कर्णले पत्रकारीता जगत आवाज विहीनहरुको आवाज भएको भन्दै सधै पीडीतको पक्षमा कलम चलाउन पत्रकारहरुको जिम्मेवारी रहेको बताईन ।

कार्यक्रममा जिल्ला समन्वय समितीका प्रमुख शिवनारायण साह, पत्रकार महासंघका केन्द्रीय सदस्य द्वय ललिता साह, राजु विश्वकर्मा, प्रदेश उपाध्यक्ष अम्बिका दाहाल, पूर्वसभापतिहरु विष्णु मण्डल, मुरलीप्रसाद यादव, धिरेन्द्र प्रसाद साह, व्याश शंकर उपाध्याय, प्रेस युनियन सप्तरीका अध्यक्ष विनय लाल कर्ण, समाजवादी प्रेस संगठनका अध्यक्ष अनिल पोखरेल, प्रेस चौतारीका अध्यक्ष डम्बर राई, प्रेस मंचका अध्यक्ष भुषण सिह, प्रेस सेन्टरका अध्यक्ष दिनानाथ यादव, नेपाली काँग्रेस सप्तरीका सभापती रामदेव साह, जसपा नेपालका अध्यक्ष केदार यादव, जनमत पार्टीका जिल्ला इन्चार्ज राम गमन साह लगातले पनि नवनिर्वाचित समितीलाई सफलताको शुभकामना दिएका थिए ।

# सहिद परिवारका लागि स्वास्थ्य बिमा

**राजविराज**/मधेश प्रदेश सरकारले मधेश आन्दोलन र सशस्त्र द्वन्द्वमा सहिद भएका परिवारका लागि स्वास्थ्य बिमा गर्ने भएको छ ।

मधेश आन्दोलन र सशस्त्र द्वन्द्वमा सहिद भएका एक हजार ८१ परिवारलाई स्वास्थ्य बिमा गर्न मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालय र स्वास्थ्य बिमा बोर्डबीच सहमति सम्झौता भएको छ ।

प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रदेशसचिव उद्धवप्रसाद रिजालका अनुसार स्वास्थ्य बिमाका लागि आवश्यक सहिद परिवारका विवरण संकलन गर्न स्वास्थ्य बिमा बोर्डका कर्मचारी फिल्डमा खटिइसकेका छन् । विवरण प्रशोधन गरेर नामावली तयार भएपछि सरकारले स्वास्थ्य बिमा प्रयोजनका लागि बोर्डलाई प्रतिपरिवार तीन हजार पाँच सयका दरले रकम पठाउने प्रदेशसचिव रिजालले बताए ।

वार्षिक तीन हजार पाँच सय रुपैयाँ दिएपछि एक परिवारका पाँचजना सदस्यसम्म स्वास्थ्य बिमित हुने गर्छन् । प्रदेश सरकारले मधेश आन्दोलन र सशस्त्र द्वन्द्वका सहिद परिवारको स्वास्थ्य बिमाका लागि ४० लाख रुपैयाँ चालू आर्थिक वर्षमा विनियोजन गरेको छ ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

अनुरोधकर्ता

शम्भुनाथ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सप्तरी, मधेश प्रदेश


# अन्तर्राष्ट्रिय समाचार

## सुडानमा करिब ७७ लाख मानिस गम्भीर खाद्य असुरक्षा जोखिममा

**जुबा**/विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले दक्षिण सुडानका लाखौं मानिसहरूलाई तत्काल मानवीय आवश्यकतालाई सहयोग गर्न आगामी छ महिनामा ४०४ करोड अमेरिकी डलर आवश्यक पर्ने बताएको छ ।

बिहीबार साँझ जारी गरिएको आफ्नो पछिल्लो प्रतिवेदनमा डब्लुएफपीले दीर्घकालीन खाद्य तथा पोषण असुरक्षाका कारण देश लामो समयदेखि मानवीय सङ्कटको सामना गरिरहेको जनाएको छ । प्रतिवेदनले सुडानमा जारी द्वन्द्वले अवस्था झन् बिग्रिएको र सन् २०२४ नोभेम्बर ३० सम्ममा आठ लाख ९२ हजार मानिस दक्षिण सुडानबाट भाग्न बाध्य भएको जनाएको छ ।

डब्ल्यूएफपीले चेतावनी दियो, "परिस्थिति झन् खराब हुन सक्छ । सन् २०२५ मा करिब ७७ लाख मानिस गम्भीर खाद्य असुरक्षाको सामना गर्न सक्छन् ।"

प्रतिवेदनका अनुसार करिब ७७ लाख मानिसमध्ये २५ लाखले खाद्यान्न असुरक्षाको आपतकालीन स्तरको सामना गर्न सक्ने जनाएको छ ।

डब्लुएफपीले २१ लाख बालबालिका तथा ११ लाख गर्भवती महिला तीव्र कुपोषणबाट पीडित हुने सम्भावना रहेको पनि उल्लेख गरेको छ ।

डिसेम्बर २०२४ मा, डब्लुएफपीले दाताहरूलाई खाद्य आपूर्तिहरू पूर्व-स्थापना गर्न प्रारम्भिक रकम उपलब्ध गराउन आह्वान गर्‍यो ।

जनवरी सन् २०२४ देखि, डब्लुएफपीले ४२ लाख मानिसलाई सहयोग गरेको छ । सन् २०२४ डिसेम्बर ११ मा, डब्लुएफपीले खाद्य असुरक्षा, द्वन्द्वबाट प्रभावित सीमान्तकृत समुदायहरूलाई सहयोग गर्न दक्षिण सुडान लचिलोपन रणनीति सुरु गर्‍यो । एजेन्सी

## एआई डाटा सेन्टर निर्माणमा माइक्रोसफ्टको पहल

**सान फ्रान्सिस्को**/माइक्रोसफ्टले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) डाटा सेन्टर निर्माण गर्नको लागि सन् २०२५ मा ८० अर्ब अमेरिकी डलर छुट्याएको कम्पनीले जनाएको छ ।

माइक्रोसफ्टले शुक्रबार एक ब्लग पोस्टमा भन्यो, "टेक विशालले एआई मोडेलहरूलाई तालिम दिन तथा विश्वभर एआई र क्लाउड-आधारित अनुप्रयोगहरू प्रयोग गर्ने योजना बनाएको छ ।"

माइक्रोसफ्टका उपाध्यक्ष ब्राड स्मिथका अनुसार त्यो ८० अर्ब डलर विनियोजनमध्ये आधाभन्दा बढी संयुक्त राज्य अमेरिकामा खर्च हुनेछ ।

स्मिथले थप्नुभयो,"एआईले अर्थतन्त्रको हरेक क्षेत्रमा नवप्रवर्तन र उत्पादकत्व बढाउने वाचा गर्छ । संयुक्त राज्य अमेरिका यस नयाँ प्रविधि लहरको अगाडि उभिन तयार छ ।"

माइक्रोसफ्ट तथा ओपनएआई एक डाटा सेन्टर सुविधाको निर्माणको बारेमा वार्तामा थिए । यो सुविधा निर्माण गर्न १०० अर्ब डलरभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको थियो । एजेन्सी

## सिङ्गापुरले सन् २०२९ सम्म 'हाइड्रोजन जेनेरेटर' निर्माण गर्ने

**सिङ्गापुर**/सिङ्गापुरले नयाँ 'हाइड्रोजन-रेडी कम्बाइन्ड साइकल ग्यास टर्बाइन' उत्पादन इकाई निर्माण गर्नेछ, जुन २०२९ मा सञ्चालन हुने अपेक्षा गरिएको छ । हाइड्रोजन जेनरेटर बिजुली उत्पादन गर्न प्रयोग गरिने तथा प्रदूषण कम गर्न मद्दत गर्दछ ।

ऊर्जा बजार प्राधिकरण (इएमए) प्रमुख कार्यकारी अधिकृत पुआ कोक केओङले भन्नुभयो, "उर्जाको बढ्दो मागसँगै हाम्रो दैनिक जीवनलाई बलियो बनाउन पर्याप्त उत्पादन सुनिश्चित गर्नु महत्त्वपूर्ण छ ।"

सिङ्गापुरको बिजुलीको खुद्रा बिक्रेता प्यासिफिकलाइट पावरले विकास गर्ने नयाँ उत्पादन युनिटको उत्पादन क्षमता कम्तीमा ६०० मेगावाट हुनेछ । कम्पनीले दक्षिणपश्चिम सिङ्गापुरको जुरोङ टापुमा निर्माण हुने उक्त सुविधा सुरुमा कम्तीमा ३० प्रतिशत हाइड्रोजनबाट सञ्चालन गर्न सक्ने तथा भविष्यमा १०० प्रतिशत हाइड्रोजन जलाउने योजना रहेको बताएको छ ।

इएमएका अनुसार उन्नत उत्पादन, डिजिटल अर्थतन्त्र र यातायातको विद्युतीकरण जस्ता शक्ति-गहन क्षेत्रहरूद्वारा संचालित सिङ्गापुरको ऊर्जा आवश्यकताहरू बढ्दै गएको छ ।

सहर-राज्यको बिजुली प्रणालीमा चरम माग आगामी छ वर्षमा ३.७ प्रतिशतदेखि ५.७ प्रतिशत सम्म चक्रवृद्धि वार्षिक दरमा बढेर सन् २०३० सम्ममा १०.१ गिगावाट र ११.८ गिगावाटको बीचमा पुग्ने प्रक्षेपण गरिएको छ ।

प्यासिफिकलाइट पावर हाइड्रोजन-तयार उत्पादन इकाई विकास गर्न पेश गरिएका छ वटा प्रस्तावहरूबाट चयन गरिएको थियो । एजेन्सी

## विश्वको सबैभन्दा वृद्ध व्यक्तिको ११६ वर्षको उमेरमा निधन

**टोकियो**/विश्वकै सबैभन्दा बृद्ध जापानी महिला टोमिको इटोकाको ११६ वर्षको उमेरमा निधन भएको आशिया सहरले शनिबार घोषणा गरेको छ । चार छोराछोरी तथा पाँच नातिनातिना भएको इटोकाको नर्सिङ होममा मृत्यु भएको दक्षिणी सहरका मेयरले एक विज्ञप्तिमार्फत जानकारी दिनुभयो ।

उहाँको जन्म आशिया नजिकैको ओसाकाको वाणिज्य केन्द्रमा सन् १९०८ मे २३ मा भएको थियो । स्पेनकी मारिया ब्रान्यास मोरेराको ११७ वर्षको उमेरमा अगस्ट सन् २०२४ मा मृत्यु भएपछि इटोकालाई विश्वको सबैभन्दा बृद्ध व्यक्तिको रूपमा मान्यता दिइएको थियो । एजेन्सी

# दलित महिला कृषिबाट आयआर्जन गर्दै



राजविराज/सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका वडा नं. २ भुरकीमा पशुपालकहरु आफ्नो जिविकापार्जन गर्नका लागि कृषि, कुखुरा, हासबाट आम्दानी गर्न थालेका छन्।

उनीहरु सशिया महाराज दलित महिला कृषक समूहमार्फत पोषण समूह अर्न्तगत बिभिन्न कार्यमा जुटेका छन।

समूहमा २७ जना दलित महिलाहरुलाई आयआर्जनका लागि त्यहाँ हाँस पालन (हासको अन्डा उत्पादन) का लागि राष्ट्रिय कृषक समूह महासंघ नेपालले सहयोग गरेको छ।

समूहका अध्यक्ष श्रीकुमारी मण्डलले आफ्नो घर आगनको काम सकाएर तरकारी खेतिमा लागेको बताए। पोषिलो खानाका लागि आफुहरु तरकारी खेतिमा हरियो सागसब्जी, काउली, प्याज, लसुन, आलु, गोलभेडा लगायत अहिले बिभिन्न तरकारी खेति गरेर आर्यआर्जन समेत गरिरहेको बताए।

समूहका सचिव दिलिप देवी खंगले यहाँका महिलाहरु मात्रै करिब ३० कठा जगगामा बिभिन्न समय/समयमा उब्जाउ हुने तरकारी खेती गर्ने गरेको जानकारी दिए।

समूहका सदस्य सावित्री देवी खंगले काउली, आलु, भन्टा, मुला, राय साग, धनिया सहितका तरकारी आज भोली खेतमा लगाइएको सुनाउँदै करेसा बारीमा बैमोसमि हुने लिचि, नैवा, कागती समेत लगाएको जानकारी दिइन्। हास, कुखुरा समेत यहाँ आवद समुहका सदस्यले पालेको उनले बताइन्।

सो पालनबाट समेत आम्दानी गरेर आफ्नो घरपरिवार चलाउनुका साथै आयआर्जन गर्ने श्रोत नै आफुहरुको भएको उनले बताइन्। सबै थोकको पोषण युक्त तरहरी खेति र कुखुरा,हास, बखापालन समेत गरेकाले यहाँका कृषक समुहलाई लाभ भएको राष्ट्रिय कृषक समूह महासंघले जनाइएको छ।

उक्त कृषक महासंघले यहाँका कृषक समूहलाई खेतमा गरेको तरकारी खेतिमा किरा मार्ने औजार, पम्प, बिउबिजन सिजन अनुसार निःशुल्क रुपमा सहयोग गरेको साथै कोदालो, कचिया लगायत प्रत्यक सदस्यलाई १५ हजारको कृषि औजार दिएको छ। गत बर्ष भने ४२ हजार मुल्य बराबरको औजार समेत दिएका थिए भने गाई, भौसी, बाखा, परेवा समेत पालेका छन।

कृषक महासंघले उनीहरुको आयआर्जका लागि २ वर्षदेखि त्यहाँ सहयोग गर्दै आएको छ। यस ठाउँका कृषक महिलाहरुले आफै मल बनाएर खेतमा दिएर तरकारी खेति गरेपछि स्वादीस्ट तरकारी लाग्ने गरेको स्थानियबासीको भनाई छ। समय समयमा कृषकहरुलाई कृषि सम्बन्धी तालिम समेत दिएको समूहका सदस्य सरस्वती देवी खंगले बताइन्।

उक्त संस्थाले दलित महिलालाई स्तरबृद्धि कसरी गर्ने, आयआर्जन गरेर आफ्नो घर परिवारमा पोषण गतिबिधि सम्बन्धि व्यवहार परिवर्तन गर्नका लागि पछिलो बर्ष २०८० साल देखि उक्त समूहलाई भोचर मार्फत कृषि सामग्री, फलफुल र हाँस तथा कुखुराको खोर, हास राखिने खोर र कुखुराको चल्लाहरु प्रदान गरी बिकृति पोषण बागैचा निर्माण समेत गरेका छन।

राष्ट्रिय कृषक समूह महासंघ मधेस प्रदेशका अध्यक्ष दीपक कुमार ठाकुरका अनुसार दोश्रो बर्ष २०८१ मा पनि ती कृषक समूहका सदस्य किसानलाई आफ्नो खेतिपाती गर्नका लागि कार्ड मार्फत करेला, बोडि, सिमी, फर्सी, भिण्डी र पातोदार तरकारीहरुको बिउविजन सहयोग गरेपछि तरकारी खेतिबाट यहाँका महिलाहरु आयआर्जन गर्न थालेको हो।

उनीहरुले जैविक खेती प्रवर्द्धन गर्न झोलमल-३ बनाएर पोषण बगैचामा प्रयोग गरेका छन। समूहका सदस्यहरुले बिभिन्न पोषण व्यवहार परिवर्तन सेसनहरुमा पनि भाग लिएका छन। यसले पोषणप्रति उनीहरुको ज्ञान, दृष्टिकोण, र अभ्यासमा सकारात्मक परिवर्तन ल्याएको उनले बताए।

# विपन्नलाई विद्युत सुविधाका लागि निःशुल्क मिटर उपलब्ध गराउँदै पालिका



राजविराज/विपन्न वस्तीमा विद्युत सेवा पहुँच र सहजताका लागि सप्तरीको छिन्नमस्ता गाउँपालिकाले निःशुल्क रुपमा विद्युतीय मिटर वितरण गर्न थालेको छ। शनिवार दलित वस्तीका डोम, मुसहर, एकल महिला लगायत विपन्न परिवारका ५९ जनालाई निःशुल्क विद्युतीय मिटर वितरण गर्दै उक्त कार्यको शुभारम्भ गरिएको हो।

छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले आर्थिक रुपले अत्यन्तै कमजोर विपन्न वर्गको छनौट गरी विद्युतमा पहुँच बढाउन निःशुलक रुपमा विद्युतीय मिटर वितरण कार्य शुरु गरिएको बताए। उनले थप अति विपन्न वर्गको पहिचान गरी क्रमिक रुपमा विपन्न वस्तीमा निःशुल्क रुपमा विद्युतीय मिटर उपलब्ध गराउने योजना रहेको बताएका छन्।

विजुलीबत्तीको अभावमा विपन्न वस्तीका वासीन्दाको दैनिकी कष्टकटर बन्नुका साथै उनीहरुका सन्तानको पठनपाठन समेत प्रभावित हुने गरेकाले विद्युतमा पहुँच र सहजताका लागि यस्तो कार्यक्रम ल्याइएको उनको भनाई छ। नयाँ चरणमा थालिएको 'उज्यालो विपन्न वस्ती अभियान' अन्तर्गत निःशुल्क मिटर वितरण गर्न शुरु गरिएको र यो सुविधा पालिका भित्रका सबै विपन्न वस्तीमा पुर्याउने योजना रहेको समेत उनले जानकारी दिए।

यसअघि सो पालिकाले विद्युत प्राधिकरणसँग सम्झौता गरी पालिका भित्रका किसानलाई प्रोत्साहन गर्न कृषि मिटरको व्यवस्था गरी सोको विद्युत महसुल पनि पालिकाले नै तिर्ने व्यवस्था मिलाएको छ। कृषि र कृषकको विकासका लागि ३० प्रतिशत बजेट छुट्याएको पालिका अध्यक्ष चौधरीले जानकारी दिएका छन्।

यता रकमको अभावमा विद्युतीय मिटर किन्न नपाई अँध्यारोमा बस्न बाध्य विपन्न समुदायका व्यक्तिहरु निःशुल्क रुपमै विद्युतीय मिटर पाएपछि निकै हर्षित भएका छन्।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका, सप्तरी

## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

सामाजिक सञ्जालमाः
- जातीय, धार्मिक र साम्प्रदायिक सदभावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन। त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक : श्रीमती सुमित्रा गुप्ता, सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सह-सम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : saptahiknavin@gmail.com, वेवसाइट : rajbirajdainik.com.np